**आकाशवाणी समाचार- नेपाली**

मितिः १३ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. केन्द्र शासित क्षेत्र दादरा र नगर हवेली र दमन र दीवको तीन दिने भ्रमण अवधि राष्ट्रपति द्रौपदी मुर्मुले आज सिल्भासास्थित नमो इन्स्टिच्युट अफ मेडिकल एजुकेशन एन्ड रिसर्चको भ्रमण गर्नु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी आज बिहारको दरभंगामा १२ हजार करोड रुपियाँभन्दा बढी लागतका धेरै विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नु हुनेछ।

३. विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकरले आज नयाँ दिल्लीमा साउदी अरबका विदेशमन्त्री राजकुमार अल साउदसँग भेटवार्ता गर्नु हुनेछ।

४. झारखण्ड विधानसभा चुनावको पहिलो चरणमा आज १५ जिल्लाका ४३ सिटमा कडा सुरक्षा व्यवस्थाबीच मतदान शुरु भएको छ।

५. विश्व मौसम विज्ञान संगठनको एक रिपोर्ट अनुसार वर्ष 2024 सबैभन्दा गरम वर्ष हुने बताएको छ।

**<u>राष्ट्रपति भ्रमण</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले आज सिल्भासास्थित नमो इन्स्टिच्युट अफ मेडिकल एजुकेशन एन्ड रिसर्चको भ्रमण गर्नु हुनेछ। उहाँ हाल केन्द्र शासित क्षेत्र दादरा र नगर हवेली र दमन र दीवको तीन दिने भ्रमणमा हुनुहन्छ। राष्ट्रपतिले संस्थानका विद्यार्थी र शिक्षकहरूसँग अन्तरक्रिया गर्नु हुनेछ। त्यसपछि उहाँले सिल्भासाको झन्डा चोक स्कूलको उद्घाटन गर्नुका साथै जनसभालाई सम्बोधन गर्नु हुनेछ। उहाँले दिवस्थित आईएनएस खुकरी मेमोरियलको पनि भ्रमण गर्नु हुनेछ।७६ करोडको लागतमा झण्डा विद्यालय शिक्षा केन्द्र निर्माण भएको हाम्रो संवाददाताले जानकारी दिएका छन्। यसमा लगभग १२ हजार विद्यार्थीहरु छन् र यो विद्यालय अत्याधुनिक सुविधाले सुसज्जित छ।

****** ० ******

**<u>प्रधानमन्त्री बिहार</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी आज बिहारको दरभंगा जानु हुनेछ। उहाँले राज्यमा १२ हजार करोड रुपियाँभन्दा बढी लागतका धेरै विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नु हुनेछ। यस क्षेत्रको स्वास्थ्य सुविधालाई सुदृढ बनाउन प्रधानमन्त्रीले दरभंगामा अखिल भारतीय आयुर्विज्ञान संस्थान-एम्सको शिलान्यास गर्नु हुनेछ। १२ अरब ६० करोडको लागतमा निर्माण हुनेछ। यसको क्याम्पसमा सुपर स्पेशलिटी अस्पताल र आयुष ब्लक, मेडिकल कलेज, नर्सिङ कलेज, वर्षा आश्रय र अन्य आवासीय सुविधाहरू समावेश हुनेछन्। शोभनमा आगामी तीन वर्षभित्र दरभंगा एम्स निर्माण हुने हाम्रो संवाददाताले जानकारी दिएका छन्। यसले मिथिलाञ्चल क्षेत्रका जनताको आकांक्षा पूरा गर्नेछ। जनता दल युनाइटेडका राष्ट्रिय कार्यकारी अध्यक्ष सञ्जय झाले यो संस्थान उत्तर बिहारका लागि वरदान साबित हुने बताउनु भयो।प्रधानमन्त्रीले ६८ अरब रुपियाँका विभिन्न राष्ट्रिय राजमार्ग र रेलमार्ग आयोजनाको पनि उद्घाटन र शिलान्यास गर्नु हुने कार्यक्रम छ। श्री मोदीले पेट्रोलियम र प्राकृतिक ग्यास क्षेत्रमा ४० अरब २० करोड रुपियाँको विभिन्न परियोजनाको शिलान्यास पनि गर्नु हुनेछ।

****** ० ******

**प्रधानमन्त्री भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदीले १६ नोभेम्बरदेखि २१ सम्म नाइजेरिया, ब्राजिल र गुयानाको भ्रमण गर्नुहुनेछ। प्रधानमन्त्री मोदीले नाइजेरियाका राष्ट्रपति बोला अहमद टिनुबुको निमन्त्रणामा १६ नोभेम्बरदेखि १७ सम्म नाइजेरियाको भ्रमण गर्नु हुनेछ। विगत १७ वर्षमा भारतीय प्रधानमन्त्रीको नाइजेरियाको यो पहिलो भ्रमण हुनेछ। यस अवधि श्री मोदीले दुई देशबीचको रणनीतिक साझेदारीको समीक्षा गर्नु हुनेछ र द्विपक्षीय सम्बन्ध अभिवृद्धि गर्न अगाडि बढ्ने उपायहरूबारे छलफल गर्नु हुनेछ। उहाँले नाइजेरियामा रहेका भारतीय समुदायलाई पनि भेट्ने योजना बनाउनु भएको छ। दुई देश सन् २००७ देखि बढ्दो आर्थिक, ऊर्जा र रक्षा सहयोगका साथ रणनीतिक साझेदार भएका छन्। प्रधानमन्त्री नरेन्द्र मोदी १८ र १९ नोभेम्बरमा रियो दि जेनेरियो जानु हुनेछ। जहाँ उहाँ ब्राजिलका राष्ट्रपति लुइस इनासियो लुला दा सिल्भाले आयोजना गरेको जी २० शिखर सम्मेलनमा सहभागी हुनु हुनेछ। भारत ब्राजिल र दक्षिण अफ्रिकासँगै G20 ट्रोइकाको हिस्सा हो र G20 शिखर सम्मेलनको छलफलमा सक्रिय रूपमा योगदान गर्दै आएको छ। शिखर सम्मेलनका क्रममा प्रधानमन्त्रीले विश्वव्यापी महत्वका विभिन्न विषयमा भारतको अडान राख्नु हुनेछ। G20 शिखर सम्मेलनको समयमा श्री मोदीले धेरै नेताहरूसँग भेट्ने अपेक्षा गरिएको छ।प्रधानमन्त्रीले १९ नोभेम्बरदेखि २१ सम्म गुयानाको राजकीय भ्रमण गर्नु हुनेछ। गुयानाको यो भ्रमण सन् १९६८ पछि भारतीय प्रधानमन्त्रीको पहिलो भ्रमण हुनेछ।

****** ० ******

**जयशंकर-साउदी अरब**

विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकरले आज नयाँ दिल्लीमा साउदी अरबका विदेशमन्त्री राजकुमार फैसल बिन फरहान अल साउदसँग भेटवार्ता गर्नु हुनेछ। साउदी अरबका विदेशमन्त्री दुई दिने भारत भ्रमणमा हिजो दिल्ली आइपुग्नु भएको छ।हाम्रो संवाददाताले भारत र साउदी अरेबियाको मित्रता शताब्दीयौंदेखिको आर्थिक र सामाजिक-सांस्कृतिक सम्बन्धमा आधारित रहेको जानकारी दिएका छन्। भारत साउदी अरबको दोस्रो ठूलो व्यापारिक साझेदार हो भने साउदी अरब भारतको चौथो ठूलो व्यापारिक साझेदार हो। आर्थिक वर्ष २०२३ मा दुई देशबीच ५२ अरब ७६ करोड डलरको व्यापार भएको थियो। साउदी अरबमा भारतीय समुदायको संख्या २६ लाख ५० हजारभन्दा बढी छ र उनीहरूले दुई देशबीच पुलको काम गर्छन्। वार्षिक हज यात्रा भारत र साउदी अरेबिया बीचको सम्बन्धको अर्को महत्वपूर्ण भाग हो।

****** ० ******

**झारखण्ड - मतदान**

झारखण्ड विधानसभा चुनावको पहिलो चरणमा आज १५ जिल्लाका ४३ सिटमा कडा सुरक्षा व्यवस्थाबीच मतदान शुरु भएको छ। ३१ सिटका ९५० संवेदनशील बुथबाहेक अन्य सबै स्थानमा बिहान ७ बजेबाट शुरु भएर बेलुकी ५ बजेसम्म मतदान हुनेछ भने संवेदनशील बुथमा अपराह्न ४ बजेसम्म मतदान हुनेछ। यस चरणमा १ करोड ३७ लाखभन्दा बढी मतदाताहरुले ७३ महिलासहित ६ सय ८३ उम्मेदवारहरुको राजनीतिक भाग्यको फैसला गर्नेछन्। मुख्य निर्वाचन अधिकारी के. रविकुमारले निर्भय भएर मतदान गर्न मतदाताहरुलाई अपिल गर्नु भएको छ।स्वतन्त्र र निष्पक्ष निर्वाचन सुनिश्चित गर्न विस्तृत सुरक्षा व्यवस्था मिलाइएको हाम्रो संवाददाताले जानकारी दिएका छन् । राज्यमा केन्द्रीय अर्धसैनिक बलका दुई सय कम्पनी तैनाथ गरिएको छ।अन्तर जिल्ला सिमाना सिल गरिएको छ। नक्सलवादी गतिविधिलाई रोक्न उत्तर प्रदेश, बिहार, मध्य प्रदेश, छत्तीसगढ र ओडिशाका सीमा क्षेत्रमा संयुक्त अभियान सञ्चालन गरिएको छ। सम्भावित परिस्थितिको सामना गर्न हेलिकप्टर पनि परिचालन गरिएको छ।

****** ० ******

**राजस्थान उप-चुनाव**

राजस्थानको सात विधानसभा सिटमा भोलि उप चुनाव हुँदैछ। जसले रामगढ, देवली उनियारा, दौसा, झुन्झुनु, चोरासी, खिन्वसार र सलुम्बर विधानसभा सिटमा प्रतिस्पर्धा गर्ने ८४ जना उम्मेदवारको भाग्य तय गर्नेछ। १ करोड ९३ लाखभन्दा बढी मतदाताहरुले आफ्नो मताधिकार प्रयोग गर्नेछन्। राज्यका खिन्भासार, झुन्झुनु, देवली उनियारा र चोरासीमा त्रिकोणात्मक प्रतिस्पर्धा भइरहेको छ भने स्वतन्त्र र भारतीय जनजाति पार्टीका उम्मेदवारहरूले कांग्रेस र भाजपा जस्ता ठूला दलहरूलाई प्रतिस्पर्धा दिइरहेका छन्। निर्वाचनको परिणाम २३ नोभेम्बरमा घोषणा हुनेछ।

****** ० ******

**सबैभन्दा गरम वर्ष**

विश्व मौसम विज्ञान संगठन (WMO) को एक रिपोर्ट अनुसार, असाधारण उच्च मासिक वैश्विक औसत तापमानको विस्तारित श्रृंखला पछि वर्ष 2024 सबैभन्दा गरम वर्ष हुनेवाला मार्गमा छ। जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय फ्रेमवर्क कन्भेन्सन वा सीयोपीको २९ औ सम्मेलनको २९औँ सत्रमा जारी गरिएको प्रतिवेदनले पेरिस सम्झौताको महत्वाकांक्षा ठूलो जोखिममा रहेको जनाएको छ। WMO द्वारा प्रयोग गरिएको छ अन्तर्राष्ट्रिय डाटा सेटहरूको विश्लेषणका अनुसार जनवरीदेखि - सेप्टेम्बरमा विश्वव्यापी औसत सतह वायु तापक्रम पूर्व-औद्योगिक औसत भन्दा १.५४ डिग्री सेल्सियस थियो, जुन एल निनो घटनाले बढाएको थियो। प्रतिवेदनले ग्लेसियरमा बरफको कमी, समुन्द्री सतहको वृद्धि र समुन्द्रको तापक्रम बडनुको कारण सन् २०१५ देखि २०२४ सबैभन्दा तातो १० वर्ष हुने उल्लेख गरेको छ। समाचार एजेन्सीको रिपोर्टका अनुसार डब्ल्यूएमओका महासचिव सेलेस्टे सौलोले भन्नु भयो, मासिक वा वार्षिक तथ्याङ्कको अर्थ हामीले पेरिस सम्झौताको लक्ष्य पूरा गर्न असफल भएका छौं भन्ने होइन। यद्यपि, यो चिन्न महत्त्वपूर्ण छ कि तापक्रमको डिग्रीको प्रत्येक अंश महत्त्वपूर्ण छ। ग्लोबल वार्मिङको प्रत्येक अतिरिक्त वृद्धिले जलवायु चरम, प्रभाव र जोखिम बढाउँछ, सौलोले भन्नु भयो।पेरिस सम्झौताले दीर्घकालीन विश्वव्यापी औसत सतहको तापक्रम वृद्धिलाई पूर्व-औद्योगिक स्तरभन्दा दुई डिग्रीभन्दा कम राख्ने र तापक्रम वृद्धिलाई १.५ डिग्रीमा सीमित गर्ने प्रयास गर्ने लक्ष्य राखेको छ।

****** ० ******

**नेपाल-सियोपी २९**

नेपालका राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार ‘वल्र्ड लिडर्स क्लाइमेट एक्सन समिट’लाई सम्बोधन गर्नु भएको छ। उहाँले जलवायु न्याय र जलवायु वित्त, जोखिममा परेका देशहरूलाई भएको क्षतिको क्षतिपूर्ति समेत उल्लेख गर्नु भयो। यही महिनाको ११ तारिखबाट शुरु भएको यो सम्मेलन २२ नोभेम्बरसम्म चल्नेछ।जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय फ्रेमवर्क कन्भेन्सन–युएनएफसीसीसी–सियोपी २९ का पक्षहरूको २९औँ सम्मेलनमा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै राष्ट्रपति पौडेल सोमबार अजरबैजानको राजधानी बाकु पुग्नु भएको थियो।सियोपी २९ को अवसरमा नेपालका राष्ट्रपति पौडेलले माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुसँग मंगलबार भेटवार्ता गर्नु भएको छ। उहाँले जलवायु परिवर्तनबाट नराम्ररी प्रभावित नेपाल र माल्दिभ्सजस्ता देशहरुले जलवायु परिवर्तनका विषयमा द्विपक्षीय सहकार्य बढाउनुपर्ने बताउनु भयो। उहाँले जलवायु वार्तामा दुवै देशले सहकार्य गर्दै आर्थिक तथा प्राविधिक सहयोगका लागि संयुक्त प्रयास गर्नुपर्नेमा जोड दिनु भयो।

****** ० ******

**नेपाल-डेंगू मामले**

नेपालको जुम्लामा डेङ्गुका बिरामी भेटिएका छन्। नेपालमा डेङ्गुको सङ्क्रमण सबैभन्दा बढी तराई क्षेत्रमा देखिने गरेको भए पनि आजभोलि हिमाली भेगमा पनि डेङ्गुका बिरामी देखिन थालेका छन्। यस अघि दुई हजार १०० मिटरको उचाइसम्म मात्र डेङ्गु देखिन्थ्यो भने सन्  २०२४ मा  दुइ हजार ४३८ मिटरको उचाइमा पनि डेङ्गु देखिन थालेको छ। डेङ्गु सामान्यतया वर्षायाममा र पछि देखा पर्दछ तर जलवायु परिवर्तन जस्ता विभिन्न कारणले गर्दा आजकल यो रोग जुनसुकै समयमा पनि लाग्ने गरेको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्याङ्कअनुसार हालसम्म ७६ जिल्लामा २८ हजार २१२ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ भने ७६ जिल्लामा १२ जनाको मृत्यु भएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, ईडीसीडीका अनुसार यस वर्ष उच्च पहाडी क्षेत्रसहित ७६  जिल्लामा डेङ्गुका बिरामी भेटिएका छन्।

****** ० ******